प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक २४४ काठमाडौं सोमबार, १५ पुस २०८१ Prabhab National Daily Monday, December 30, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

# स्थानीय तहका जनप्रतिनिधिविरूद्ध धमाधम भ्रष्टाचार मुद्दा

- नागार्जुन नगरपालिकाका मेयर मोहनबहादुर बस्नेतसहित तीन जनाविरूद्ध २२ करोडभन्दा बढी बिगो दाबीसहित भ्रष्टाचार मुद्दा दायर
- अख्तियारले सर्लाहीको बागमती नगरपालिकामा माछापोखरी 'भरत ताल' निर्माण गर्दा ३० करोड २९ लाख ३४ हजार रूपैयाँ भ्रष्टाचार भएको दाबी गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो
- यसअघि गोदावरीका मेयर गजेन्द्र महर्जन र उपमेयर मुना अधिकारीलाई एक अर्बको भ्रष्टाचार मुद्दा दायर गरिएको थियो




■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेका पछिल्ला मुद्दाहरू हेर्ने हो भने स्थानीय तहका जनप्रतिनिधिमाथि भ्रष्टाचारको आरोप बढ्दो छ । आइतबारमात्र काठमाडौंको नागार्जुन नगरपालिकाका मेयर मोहनबहादुर बस्नेतसहित तीन जनाविरूद्ध २२ करोड रूपैयाँभन्दा बढी बिगो दाबीसहित भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियारले मेयर बस्नेत, उनकी पत्नी उर्मिला र पद्मा कोलोनीका सञ्चालक राजुप्रसाद कँडेलका साथै पद्मा कोलोनी र पद्मा मर्चेन्ट प्रालिविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । घूस तथा सम्पत्ति शुद्धीकरणको मुद्दामा बस्नेतसँग २२ करोड रूपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ । बस्नेत नेपाली कांग्रेस बागमती प्रदेशका उपसभापतिसमेत हुन् ।

अख्तियारले सर्लाहीको बागमती नगरपालिकामा माछापोखरी 'भरत ताल' निर्माण गर्दा ३० करोड २९ लाख ३४ हजार रूपैयाँ भ्रष्टाचार भएको दाबी गर्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको थियो । गत जेठ २९ गते अख्तियारले उक्त मुद्दा दायर गरेको थियो । अघिल्लो कार्यकालमासमेत मेयर भएका भरत थापाले ठूलो परिणाममा नदीजन्य वस्तुको उत्खनन् गरेर दुईवटा माछापोखरी निर्माण गरेका थिए । ताल निर्माणपछि थापाकै नामबाट पोखरीको नाम 'भरत ताल' राखिएको थियो ।

यसअघि ललितपुरको गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जन र उपमेयर मुना अधिकारीलाई एक अर्ब रूपैयाँको भ्रष्टाचार मुद्दा दायर गरिएको थियो । नगरपालिका क्षेत्रमा खानी तथा नदीजन्य ढुंगा, गिटी, बालुवाको ठेक्का लगाउँदा मिलेमतो गरी एक अर्ब पाँच करोड रूपैयाँ राजस्व चुहावट गरेको भन्दै अख्तियारले दायर गरेको मुद्दाबाट भने मेयर र उपमेयरसहित १४ जना प्रतिवादी बनाएकोमा विशेष अदालतले सफाइ दिइसकेको छ ।

पछिल्ला दिनहरूमा गाउँपालिकाका अध्यक्षदेखि वडाध्यक्षसम्म विभिन्न प्रकरणमा अख्तियारले मुद्दा दायर गर्ने क्रम बढ्दो छ । अख्तियारले आर्थिक वर्ष २०८०/०८१ मा विशेष अदालतमा भ्रष्टाचारका २०१ मुद्दा विशेष अदालतमा दायर गरेको छ ।

प्रतिवेदनअनुसार २०८०/८१ मा सबैभन्दा बढी १०२ वटा मुद्दा स्थानीय तहका छन् । यो कूल मुद्दाको ५२ प्रतिशत हो । स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीविरुद्ध १०२ मध्ये एकतिहाइ अर्थात् ३२ वटा मुद्दामा जनप्रतिनिधिसमेतलाई प्रतिवादी बनाइएको छ । जसमा सबैभन्दा बढी वडाध्यक्ष ४३ रहेका छन् । त्यसैगरी प्रमुख/अध्यक्ष २२, उपप्रमुख/उपाध्यक्ष १९ लाई प्रतिवादी बनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

# सहकारीपीडितको बचत फिर्ता गराउन अध्यादेश

> बचतकर्ताको बचत फिर्ता गर्ने सम्बन्धमा काम केही भएको छैन । केही कुरा सहजीकरण गर्न अध्यादेश जारी भएको छ ।
>
> **गणेशप्रसाद भट्ट**
> प्रवक्ता, सहकारी मन्त्रालय

> संस्थाको सञ्चालक वा एकाघरको परिवारको सम्पत्ति रोक्का गरेर पाँच लाख रूपैयाँसम्मको बचत फिर्ता गरौं भनेका हौं, त्यो कुरा सम्बोधन गरेको छ । यसबाट हामी आशावादी छौं ।
>
> **ओमदेवी मल्ल**
> अध्यक्ष, सहकारी महासंघ


सहकारीसम्बन्धी अध्यादेश प्रमाणीकरण गर्दै राष्ट्रपति रामचन्द्र पौडेल । *तस्बिर: राष्ट्रपति कार्यालय*

- राष्ट्रपतिले जारी गरे सहकारीसम्बन्धी अध्यादेश
- पाँच लाख रूपैयाँसम्मका बचतकर्ताको बचत फिर्ता प्राथमिकतामा
- छ हजारभन्दा बढी बचतकर्ता लाभान्वित हुने
- पाँच लाखमाथि बचत भएका बचतकर्ताको आनुपातिक रूपमा भुक्तानी

■ जेबी योञ्जन

**काठमाडौं–** सहकारीमा डुबेको बचत रकम फिर्ता गर्नेगरी सरकारले ल्याएको अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेका छन् । आइतबार अध्यादेश जारी भएसँगै समस्याग्रस्त घोषणा भएका सहकारीहरूलाई पाँच लाख रूपैयाँसम्मका बचतकर्ताको बचत फिर्ता गराउने कानुनी बाटो खुला भएको छ ।

अध्यादेशमा छ, 'सहकारी संस्था वा दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यले जम्मा गरेको पाँच लाख रूपैयाँसम्मको बचत पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्ने ।'

पाँच लाखभन्दा बढी बचत भए सहकारी संस्थाले एकैपटक भुक्तानी गर्ने अवस्था नभएमा मापदण्ड बनाई सदस्यको बचत रकम आनुपातिक रूपमा भुक्तानी गर्नुपर्ने अध्यादेशमा छ । अध्यादेशमार्फत सहकारी प्राधिकरण गठन गर्न पनि सरकारलाई बाटो खुला भएको छ । प्राधिकरणलाई नियमन र व्यवस्थापनको अधिकार छ ।

क्रमशः पृष्ठ २ मा

## शक्तिशाली सहकारी प्राधिकरण

१५ वर्ष सहकारी क्षेत्रमा काम गरेको अनुभवी व्यक्ति सहकारी प्राधिकरणको अध्यक्ष हुन पाउने भएका छन् । अध्यक्षका लागि अध्यादेशमा यस्तो मापदण्ड छ । योग्यता स्नातकोत्तर तोकिएको छ ।

'अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानुन वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी राजपत्रांकित प्रथम श्रेणी वा सोसरहमा कार्य गरेको वा अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरका बैंक वा वित्तीय संस्था वा सहकारी संस्थामा रही कम्तीमा १५ वर्ष कार्य अनुभव भएको व्यक्तिलाई सरकारले प्राधिकरणको अध्यक्ष नियुक्ति गर्ने छ,' अध्यादेशमा उल्लेख छ ।

अर्को एक जना विज्ञ सदस्य हुने उल्लेख छ । विज्ञ सदस्यको योग्यता भने अर्थशास्त्र, वाणिज्य, व्यवस्थापन, लेखा, कानुन वा सहकारी विषयमा कम्तीमा स्नातकोत्तर तहको शैक्षिक योग्यता तथा १० वर्षको कार्य अनुभव भएको हुनुपर्ने भनिएको छ ।

नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक, सहकारी मन्त्रालयको सहकारी क्षेत्र हेर्ने सहसचिव र कम्तीमा १० वर्ष कार्य अनुभव भएको एक जना चार्टर्ड एकाउन्टेन्ट प्राधिकरणको सदस्य हुने व्यवस्था छ । अध्यक्ष, विज्ञ तथा चार्टर्ड एकाउन्टेन्ट सदस्यको नियुक्तिका लागि लोक सेवा आयोगका अध्यक्षलाई जिम्मा दिइएको छ । लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको सो आयोगको सदस्यको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने व्यवस्था गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

# इजरायल जान छानिएका कामदारको स्वास्थ्य परीक्षण बुधबारदेखि




■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायलमा सहायक कामदारका लागि जान छनोट भएका कामदारहरूको स्वास्थ्य परीक्षण आगामी बुधबारदेखि हुने भएको छ । वैदेशिक रोजगार विभागले एक सूचना प्रकाशित गरी स्वास्थ्य परीक्षणका लागि पाँचवटा स्वास्थ्य संस्था तोकिएको जानकारी दिएको हो ।

इजरायल र नेपाल सरकारबीच भएको सम्झौताअनुसार गोलाप्रथाबाट सहायक कामदारका लागि छनोट भएकाहरूको स्वास्थ्य परीक्षण यही पुस १७ गतेदेखि २३ गतेसम्म हुने विभागले जनाएको छ । बिहान ८ बजेदेखि अपराह्न ४ बजेसम्म स्वास्थ्य परीक्षण कार्य सञ्चालन गरिने सूचनामा उल्लेख छ ।

विभागले तोकिएको मिति र समयसीमाभित्र स्वास्थ्य परीक्षण गराउन हालसालै खिचेको पासपोर्ट साइजको रंगीन फोटो दुई प्रति, सक्कल पासपोर्ट र नागरिकतासहित उपस्थित भएर स्वास्थ्य परीक्षण गराउन सरोकारवालाहरूलाई आग्रह गरेको छ ।

विभागले जारी गरेको सूचनाअनुसार ललितपुरको भैंसेपाटीस्थित नेपाल मेडिसिटी अस्पतालमा क्रम संख्या एकदेखि २०० सम्मको स्वास्थ्य परीक्षण हुने छ । यस्तै, ललितपुरको सानेपास्थित स्टार हस्पिटलमा क्रम संख्या २०१ देखि ४०० सम्म, काठमाडौंको मण्डिखाटारस्थित हचाम्स हस्पिटलमा क्रम संख्या ९५७ देखि ११५६ सम्मका लागि तोकिएको विभागले जनाएको छ ।

यसैगरी स्वयम्भूस्थित मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा क्रम संख्या ११५७ देखि १३५६ र सिनामंगलस्थित क्रिस्टल डायग्नोस्टिक प्रालिमा क्रम संख्या १३५७ देखि १५५६ सम्मका स्वास्थ्यपरीक्षण हुने तय गरिएको छ। नेपालीहरूको आकर्षक रोजगार गन्तव्यमध्येको एक हो इजरायल । पछिल्लो समय सहायक कामदारको रूपमा इजरायल पठाउन एक हजार ५५६ जनाको नाम छनोटमा परेका थिए ।

## स्वास्थ्य संस्था अध्यावधिक गर्न पुस मसान्तको समयसीमा

**काठमाडौं (प्रस)–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूलाई यही पुस मसान्तभित्र अध्यावधिक गर्न समयसीमा तोकेको छ । मन्त्रालयले अध्यावधिकका लागि आवश्यक कागजात पेस गर्न ती स्वास्थ्य संस्थाहरूलाई सूचित गराएको छ ।

मन्त्रालयले जारी गरेको सूचनाअनुसार वैदेशिक रोजगार ऐनको दफा ७२ एवं वैदेशिक रोजगार नियमावली २०६४ को नियम ४५ (क) मा रहेको प्रावधानबमोजिम वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने सूचीकृत स्वास्थ्य संस्थाहरूले सूचीकरण नवीकरण गर्नुपर्ने कानुनी व्यवस्था रहेको उल्लेख गरेको छ । साथै, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि २०७२ को दफा ४ बमोजिम मन्त्रालयमा सूचीकृत स्वास्थ्य संस्थाहरूले आवश्यक कागजातसहित यही पुस मसान्तभित्र पेस गर्न आग्रह गरिएको छ ।

मन्त्रालयको सूचनामा अध्यावधिकका लागि स्वास्थ्य संस्था सूचीकरण प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षमा नवीकरण भएको भए सो प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो अर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि पेस गर्न भनिएको छ । यसैगरी स्वास्थ्य मन्त्रालय वा अन्तर्गतबाट संस्था सञ्चालन स्वीकृतिको प्रमाणपत्र र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपिसमेत माग गरिएको छ । स्वास्थ्य संस्थाको नाम वा ठेगाना परिवर्तन गरेको भए सम्बन्धित निकायबाट सोको स्वीकृति प्राप्त गरेको प्रतिलिपि बुझाउनुपर्ने छ ।



## पृष्ठ १ बाट क्रमशः

## सहकारीपीडितको...

हाल भने सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमार्फत काम गरिरहेको छ । तर, समितिभन्दा शक्तिशाली निकायको रूपमा सरकारले प्राधिकरण गठन गरेको हो । यद्यपि, केही कानुनी अड्चन र अदालतमा मुद्दा विचाराधीन रहेका कारण पीडित बचतकर्ताको रकम चाँडै फिर्ता गर्न सहज नहुने देखिएको छ ।

उसो त सरकारको १०० दिने उपलब्धि सार्वजनिक गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले सहकारी ठगहरूलाई कारबाही गर्नमात्र होइन, बचतकर्ताहरूको बचत फिर्ता गर्न आवश्यक ऐन तर्जुमा गरिएको बताएका थिए । सोहीअनुसार सरकारले पाँच लाख रूपैयाँसम्मको बचत प्राथमिकताका साथ फिर्ता गर्ने भनेर अध्यादेश ल्याएको हो । तर, बचत फिर्ता कसरी गर्ने भन्नेमा सरकार अन्योलमा छ । हाल बचत फिर्ता गराउने सन्दर्भमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले काम गरेको छैन । मन्त्रालयका प्रवक्ता गणेशप्रसाद भट्टले प्रभावसँग भने, 'बचतकर्ताको बचत फिर्ता गर्ने सम्बन्धमा काम केही भएको छैन । केही कुरा सहजीकरण गर्न अध्यादेश जारी भएको छ ।'

मन्त्रालयका प्रवक्ता भट्टका अनुसार बचत रकम फिर्ता गर्न सहकारी संस्थाले संस्थाको सम्पत्ति बेच्न सक्ने छ । ऋण दिँदा ऋणीबाट लिएको धितो बिक्री गर्न सक्ने छ । त्यसरी बेचिएपछि बचतकर्ताको बचत रकम भुक्तानी गर्नुपर्ने छ । यस्तो व्यवस्था सहकारीसम्बन्धी अध्यादेशमा छ । तर, सहकारीले ऋण दिँदा लिएको धितो बिक्री गर्नुअघि ऋणीलाई सहकारी संस्थाको ऋण चुक्ता गर्न समय दिनुपर्ने हुन्छ । दिएको समयमा पनि ऋण चुक्ता नगरेमा त्यस्तो धितो लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने गरी कानुन बनेको हो । यदि, धितो बेच्दा ऋणीले जति ऋण लिएका थिए, त्यसभन्दा बढी रकम प्राप्त भए ऋणीलाई नै फिर्ता गर्नुपर्ने भएको छ ।

अनि, सहकारी संस्थाले घर, जग्गा वा अन्य मेसिनरी औजार वा उपकरण भाडामा उपलब्ध गराएको भए त्यसरी प्राप्त हुने रकम बचतकर्ताको बचत फिर्ता गराउन प्रयोग गर्न पाउने छन् । अड्डा अदालतमा मुद्दा परेर सहकारीको धितो रोक्का भएको भए सहकारी सञ्चालक समितिले फुकुवाका लागि अनुरोध गर्नुपर्ने भएको छ । र, अड्डा अदालतले पनि फुकुवा गर्नुपर्ने व्यवस्था छ ।

अनि, बचत रकम फिर्ताका लागि समस्याग्रस्त सहकारीले सूचना प्रकाशन गर्नुपर्ने छ । त्यसरी सूचना प्रकाशन भएपछि सहकारीका सदस्य, बचतकर्ता, साहू तथा लगानीकर्ता बैंक तथा वित्तीय संस्थाले पाउनुपर्ने रकमको दाबी गर्नुपर्ने छ । यस्तो कानुनी प्रावधान राखेर सरकारले डुबेका सहकारीबाट बचतकर्ताको बचत फिर्ता गराउने भएको हो ।

हालसम्म २२ वटा सहकारी समस्याग्रस्त छन् । ती सहकारीहरूमा ३९ अर्ब अपचलन भएको छ । विनाधितो ऋण लिने र सञ्चालकसमेतले गरेर १३ हजार बचतकर्ताको बचत रकम अपचलन गरेका छन् । हालसम्म एक अर्ब ५१ करोड रूपैयाँ फिर्ता गराइएको छ । दुई हजार जनाको सम्पत्ति रोक्का राखिएको छ ।

नेकपा एमालेका सांसद सूर्य थापा संयोजकत्वको संसदीय छानबिन विशेष समितिको प्रतिवेदनअनुसार ४० सहकारीमा बचकर्ताको करिब ८८ अर्ब रूपैयाँ अपचलन भएको छ । सहकारीपीडितले समस्याग्रस्त सहकारीमासमेत निवेदन दिँदै आएका छन् । अब भने निवेदन प्राधिकरणलाई दिनुपर्ने भएको छ, जहाँबाट पाँच लाख रूपैयाँसम्मका बचतकर्ताको बचत पहिलो चरणमा फिर्ता गराइने भएको छ ।

यो विषयलाई सहकारी अभियानले पनि गम्भीररूपमा लिएको थियो । सहकारी महासंघकी अध्यक्ष ओमदेवी मल्लले भनिन्, 'संस्थाको सञ्चालक वा एकाघरको परिवारको सम्पत्ति रोक्का गरेर पाँच लाख रूपैयाँसम्मको बचत फिर्ता गरौं भनेका हौं, त्यो कुरा सम्बोधन गरेको छ । यसबाट हामी आशावादी छौं ।'

पाँच लाख रूपैयाँसम्मका बचतकर्ताको बचत फिर्ता गराएको अवस्थामा करिब छ हजार सहकारीपीडितले न्याय पाउने छन् । अध्यादेशमा समयबद्ध रूपमा बचत फिर्ता गर्ने विषय पनि समावेश गरिएको छ । 'जोखिममा रहेका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि प्राधिकरणले मापदण्ड र समयबद्ध फिर्ता कार्ययोजना बनाई बचतकर्ता सदस्यको बचत रकम फिर्ता गर्नुपर्नेछ', अध्यादेशमा छ ।

यसबारे सरकार र सहकारी क्षेत्र दुवैले मध्यमार्गी बाटो खोजेका छन् । यअसघि महान्याधिवक्ताको कार्यालयले बचत रकम फिर्ता गरेमा मुद्दा दर्ता नगराउने भन्दै मिलापत्र गर्ने नीति लिएको थियो । तर, सहकारी अभियन्ताहरूले भने बचत फिर्ता गर्न मिल्ने आधार खोजिरहेको अवस्था छ ।

● ● ●

## शक्तिशाली सहकारी...

सिफारिस समितिको सदस्यमा पूर्वगभर्नर र आर्थिक तथा वित्तीय, कानुन वा सहकारी क्षेत्रमा कम्तीमा १५ वर्ष कार्य अनुभव भएको व्यक्ति रहने व्यवस्था अध्यादेशले गरेको छ । सिफारिस भएका व्यक्तिहरूको नियुक्ति मन्त्रिपरिषद्ले गर्ने छ । प्राधिकरणको बैठक महिनामा कम्तीमा एकपटक बस्ने छ ।

प्राधिकरणले मापदण्ड जारी गर्नुपर्ने पनि उल्लेख छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा नियामकीय मापदण्ड जारी गर्ने, बचतकर्ताको बचत सुरक्षा सुनिश्चित गर्न आवश्यक कार्य गर्ने, सहकारी संस्थाको नियमित रूपमा अनुगमन, निरीक्षण गर्ने, उजुरी लिने, प्राप्त उजुरीउपर जाँचबुझ गर्ने र सम्बन्धित संस्थालाई निर्देशन अध्यादेशमा छ ।

सहकारीको व्यवस्थापन सूचना प्रतिवेदन प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहमा लागू गर्ने/गराउने अधिकार प्राधिकरणलाई छ । अध्यादेशमा राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ खारेज गर्ने र बोर्डको चल-अचल सम्पत्तिलगायतको जायजेथा, दायित्व र सो बोर्डमा कार्यरत कर्मचारी प्राधिकरणमा स्वतः सर्ने व्यवस्था छ ।

● ● ●

## स्थानीय तहका ...

स्थानीय तहमा भ्रष्टाचार डरलाग्दो गरी अघि बढेको पछिल्लो तथ्यांकले देखाउँछ । अख्तियारले हजारदेखि एक अर्बसम्मको बिगो दाबीसहित मुद्दा दर्ता गरे पनि नीतिगत निर्णयका कारण कारबाही भने फितलो देखिँदै आएको छ ।

स्थानीय तहका प्रमुख/उपप्रमुखले दलगत/व्यक्तिगत स्वार्थमा भागबण्ड मिलाउन र खुसी पार्न बनभोजदेखि भ्रमण खर्च खर्च गर्ने प्रवृत्ति उस्तै बढ्दो छ । यसैगरी विविध शीर्ष, परामर्शमा खर्च गर्ने मनपरी सल्लाहकार राख्ने, दरबन्दी नै नभएको पदमा करारमा कर्मचारी राख्ने गरेको भेटिएको अख्तियारको रिपोर्टमा उल्लेख छ । यतिमात्र हैन फर्जी कर्मचारी राखेर प्रमुख उपप्रमुखले आफैं रकम लिने गरेकोसमेत भेटिएको छ ।

स्थानीय तहले प्रेस, कानुनी, राजनीतिक लगायतका नाममा सल्लाहकार नियुक्त गर्दै आएका छन् । देशभरका ७५३ वटै स्थानीय तहमा विपद् व्यवस्थापन तथा आर्थिक सहायता शीर्षकमा पनि मापदण्डविना आफूखुसी खर्च गरी अनियमितता भइरहेको अख्तियारलेका प्रतिवेदनमा उल्लेख छ । स्थानीय सरकारले प्राकृतिक स्रोतसाधन दोहन गर्नेदेखि सेटिङमा भ्रष्टाचार गर्ने विषय त 'ओपन सेक्रेट' नै देखिन्छ ।


**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर, सल्यान ।**
**कर्णाली प्रदेश नेपाल ।**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

(२०८१/०९/१५ मा प्रकाशित सूचना)

उपरोक्त विषयमा यस कार्यालयको KRM/NCB/WORKS/2081/082/9 ( jugena farula paiyagada kimire kalakhola setikhola sadak nirman yojana को लागि मिति २०८१/०७/०८ गते प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरुमध्ये तपसिलको बोलपत्र न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशयपत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | KRM/NCB/WORKS/2081/082/9 | Jugena farula paiyagada kimire kalakhola seti khola sadak nirman yojana | New melan Nirman sewa Jajarkot-7 Bhur | १०९९४४५०.५१ |

प्रमुख प्रशासकीय अधिकृत



**Mauritius मा रोजगार** कम्पनी : WENSENG INTERNATIONAL CO. LTD

पूर्व स्वीकृति मिति : २०८०/१०/११ पुनः विज्ञापन स्वीकृति मिति : २०८१/०९/१४ LT. No. 298621 चलानी नं. ६०२१३७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब MUR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLADDING TECHNICIAN GRADE II | 25 | 0 | 16665 | ४८,६३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Granite Technician Grade II | 25 | 0 | 16665 | ४८,६३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पुस २२ र २३ गते (6 & 7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | २०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 832/066/67
GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu,
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com



**जापानमा रोजगार** कम्पनी : GIFU CONNECT SERVICE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८१/०९/१४ LT. No. 316279 चलानी नं. ६०२३०५२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब YEN | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING CLEANING | 2 | 0 | 163333 | १४१,७८५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ५0.000 | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

नोटः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Google Overseas Pvt.Ltd
KTM-4, Dhumbarahi, Nepal, Phone No.+977-01-4565296,
E-mail : info@googleoverseas.com Website : www.googleoverseas.com
श्रम ईजाजत नं. ६३१/०६३/०६४



**साउदीमा रोजगार** कम्पनी : Ibrahim Abdullah Ibrahim Al-oud Transport Corporation

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ LT. No. 316168 चलानी नं. ६०२३०५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Ishan Overseas Pvt. Ltd.
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com
श्रम इजाजत नं. ५३२/०६१/०६२



**कतारमा रोजगार** कम्पनी : Monastic Cleaning & Contracting Wll

पूर्व स्वीकृति मिति : २०८०/०३/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१४ LT. No. 288633 चलानी नं. ६०२०३९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Executive | 6 | 0 | 4000 | १५०,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | १०१,५१० | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ९३,९९० | | | | | | | |
| 4 | General Clean Worker | 17 | 10 | 1000 | ३७,५९५ | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३७,५९५ | | | | | | | |
| 6 | Manager Variety | 1 | 0 | 6000 | २५,५८० | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | ११२,७९० | | | | | | | |
| 8 | Supervisior | 8 | 2 | 2500 | ९३,९९० | | | | | | | |

कम्पनी : Monastic Cleaning & Contracting Wll

पूर्व स्वीकृति मिति : २०८०/१२/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१४ LT. No. 301901 चलानी नं. ६०२१६८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 22 | 1000 | ३७,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 1 | 1500 | ५६,३९५ | | | | | | | |
| 3 | Supervisior | 0 | 2 | 2500 | ९३,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

JALAJALA RECRUITMENT PVT.LTD
श्रम इजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com



**साउदीमा रोजगार** कम्पनी : ALFALAK HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ LT. No. 315321 चलानी नं.६०२३०१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe and boiler insulation worker | 1 | 0 | 2000 | ७२,९५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Taazur General Contracting Company is a closed Saudi joint stock company

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ LT. No. 316242 चलानी नं.६०२३०४५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1500 | ७२,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५


## आजको राशिफल


आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com


सोमबार, १५ पुस, २०८१

| | |
|---|---|
| मेष | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| वृष | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| मिथुन | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| कर्कट | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| सिंह | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| कन्या | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| तुला | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| वृश्चिक | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| धनु | अरूको करकापमा काम गर्न बाध्य । |
| मकर | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| कुम्भ | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मीन | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ पुस, २०८१ (३० डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.५६ | १३७.१६ |
| युरो | १ को | १४२.४२ | १४३.०४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.३७ | १७२.१२ |
| स्विस फ्रेन्क | १ को | १५१.६२ | १५२.२९ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८५ | ८५.२२ |
| क्यानाडियन डलर | १ को | ९४.८३ | ९५.२४ |
| सिङ्गापुर डलर | १ को | १००.४८ | १००.९२ |
| जापानी येन | १० को | ८.६६ | ८.७० |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३६.३६ | ३६.५२ |
| कतारी रियाल | १ को | ३७.४७ | ३७.६३ |
| थाई भाट | १ को | ४.०२ | ४.०४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१८ | ३७.३४ |
| मलेसियन रिङेट | १ को | ३०.५४ | ३०.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४८ |
| डेनिस क्रोनर | १ को | १९.१० | १९.१८ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४३.१३ | ४४५.०८ |
| बहराइन दिनार | १ को | ३६१.८९ | ३६३.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# काठमाडौं महानगरले संशोधन गर्‍यो बजेट




■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा अगावै काठमाडौं महानगरपालिकाले बजेट संशोधन गरेको छ । काठमाडौं महानगरपालिका नगरसभाको १६औं अधिवेशनमा उपप्रमुख सुनिता डंगोलले चालु आवको बजेटको कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव पेस गरेकी थिइन् ।

'महानगरपालिकाको वार्षिक खरिद योजना र चौमासिक प्रगति विवरणअनुसार चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रमअनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रमहरू हेरफेर गर्न जरुरी देखिएको छ,' उपप्रमुख डंगोलले भनिन् ।

संशोधित बजेटअनुसार ७२ करोड ९९ लाख ७१ हजार रूपैयाँ बजेट विनियोजन भएको आर्थिक विकासको क्षेत्रमा ७२ करोड ४३ लाख ७१ हजार बजेट कायम गरिएको छ । तीन अर्ब ७० करोड ५३ लाख आठ हजार रूपैयाँ बजेट विनियोजन भएको कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा तीन अर्ब ७२ करोड ६८ लाख ४२ हजार रूपैयाँ कायम गरिएको छ । १२ अर्ब एक करोड ९३ लाख ९१ हजार रूपैयाँ विनियोजन भएको पूर्वाधार विकासको क्षेत्रमा ११ अर्ब ८७ करोड ५१ लाख ३८ हजार रूपैयाँ कायम गरिएको छ ।

### पाँच महिनामा १६ प्रतिशत बजेट खर्च

महानगरपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट खर्च कार्यान्वयनमा भने कमजोर देखिएको छ । चालु आर्थिक वर्षका लागि महानगरपालिकाले २५ अर्ब ७० करोड ६३ लाख २५ हजार रूपैयाँ बराबरको बजेट ल्याएकोमा पुस ११ गतेसम्म चार अर्ब एक करोड चार लाख ५६ हजार रूपैयाँ बराबर खर्च भएको उपप्रमुख डंगोलले नगरसभालाई जानकारी गराइन् । हालसम्मको बजेट खर्च कूल विनियोजनको १६.१० प्रतिशत हो । महानगरपालिकाले हालसम्म चालु शीर्षकमा २३.५८ प्रतिशत र पुँजीगत खर्च १०.९२ प्रतिशत खर्च भएको छ ।

'हालसम्म पूर्वाधार विकासमा १२.१३ प्रतिशत, आर्थिक विकासमा २४.१८ प्रतिशत, सामाजिक विकासमा १२.२३ प्रतिशत खर्च भएको छ,' उपप्रमुख डंगोलले भनिन्, 'त्यसैगरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ७.९२ प्रतिशत खर्च भएको देखिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भने सबैभन्दा वढी ३६.५४ प्रतिशत खर्च भएको देखिन्छ ।'

महानगरपालिकाले चालु आर्थिक वर्षमा १२ अर्ब ९० करोड ६३ लाख २५ हजार रूपैयाँ बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । यही पुस ११ गतेसम्म कूल चार अर्ब नौ करोड ८९ लाख ३६ हजार रूपैयाँ बराबर राजस्व प्राप्त भएको महानगरपालिकाले जनाएको छ । जसमा आन्तरिक राजस्वतर्फ कूल दुई अर्ब ६१ करोड ५५ लाख ४३ हजार रूपैयाँ संकलन भएको छ भने राजस्व बाँडफाँडबाट ५९ करोड ८९ लाख ४१ हजार रूपैयाँ र संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान ८८ करोड ४४ लाख ५१ हजार रूपैयाँ रहेको छ । हालसम्मको कूल राजस्व संकलन वार्षिक लक्ष्यको ३१.०७ प्रतिशत हुन आउँछ भने आन्तरिकतर्फ कूल लक्ष्यको ३२.५५ प्रतिशत प्रगति भएको देखिन्छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको प्रारम्भिक नतिजामा काठमाडौं महानगरपालिकाले ८२.७५ अंक प्राप्त गरेको पनि उपप्रमुख डंगोलले बताइन् । यो अंक काठमाडौं महानगरपालिकाले पाएको हालसम्मकै उच्च अंक हो ।

# भ्रष्टाचार निवारण ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाका सांसदहरूले 'भ्रष्टाचार निवारण ऐन, २०५९' को प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन् । ट्रासपरेन्सी इन्टरनेसन (टिआई) नेपालले यहाँ आइतबार आयोजना गरेको 'महिलाका सामाजिक तथा आर्थिक अधिकारमा भ्रष्टाचारको नकारात्मक प्रभाव' विषयक अन्तरक्रियामा सांसदहरूले भ्रष्टाचारको सम्बन्धमा सर्वसाधारणको सुख शान्ति र आर्थिक हितका लागि ऐनको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताए ।

सांसद रोशना कार्कीले सबै क्षेत्रबाट भ्रष्टाचार हटाउन ऐनको कार्यान्वयनमा सबै लाग्नुपर्ने बताइन् । अहिलेको निर्वाचन प्रणाली अत्यन्त महँगो भएकाले पनि भ्रष्टाचारलाई प्रश्रय पुगेको हो कि भन्ने उनको धारणा थियो । सांसद लक्ष्मी तिवारीले मुलुकमा व्यवस्था परिवर्तन भए पनि सामाजिक सोचमा खासै परिवर्तन नभएको उल्लेख गर्दै तुलनात्मक रूपमा महिलाले अवसर र जिम्मेवारी पाएमा भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्ने भनाइ राखिन् ।

सांसद शान्ति श्रेष्ठले महिलालाई हरेक क्षेत्रको नेतृत्वमा सुनिश्चित सहभागी गराई सुशासन स्थापित गराउन राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने बताइन् । भ्रष्टाचारका कारणले गर्दा विभिन्न वर्गका महिलालाई पर्ने असर कम गराई समग्र महिलाको आर्थिक र सामाजिक अधिकार सुनिश्चित गरिनुपर्नेमा उनको जोड थियो ।

राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले संसद्मा दर्ता भएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७६ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन), २०७६ लाई प्रभावकारी बनाउने गरी शीघ्र पारित गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने धारणा राखिन् ।

अधिवक्ता अजिता अर्यालले राजस्व चुहावट तथा निवारण ऐन २०५२, विशेष अदालत ऐन २०५९, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ र निजामती सेवा ऐन २०७४ लगायत भ्रष्टाचारसँग सम्बन्धित सबै ऐन/कानुनको प्रभावकारी कार्यान्वयन र समय सापेक्ष आवश्यक सुधार गर्नेतर्फ थप छलफल चलाउनुपर्ने आवश्यकता औंल्याइन् ।


## Dharan Sub- Metropolitan City Office
### Dharan
### Invitation for Bids

Date of publication: 30-12-2024

1. The Dharan Sub Metropolitan City has allocated funds towards the cost of Road Maintainence work at different ward of Dharan Sub Metropolitan City and intends to apply part of the funds to cover eligible payments under the Contract for Road Maintainence work at different ward of Dharan Sub Metropolitan City (Contract No: 10/DHARAN/WORKS/NCB/081/82).
2. Dharan Sub Metropolitan City invites electronic bids from eligible bidders for the construction of Road Maintainence work at different ward of Dharan Sub Metropolitan City under National Competitive Bidding– Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 36.85 MILLION Minimum Work experience of similar size and nature: One project of Asphalt concrete Road Construction work of NRS 9.82 Million
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents PPMO e-GP system www.bolpatra.gov.np/egp.


# सोवारिग्पा शिक्षालाई व्यवस्थित गर्न जोड

**काठमाडौं–** शताब्दीऔंदेखि प्रचलनमा रहेको सोवा रिग्पा उपचार पद्दतिसम्बन्धी उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई मान्यता दिनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । हाल लुम्बिनी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी बौद्ध जोरपाटीमा स्थापना भएको सोवा रिग्पा इन्टरनेसनल कलेजबाट उत्तीर्ण गरेका विद्यार्थीहरूले मेडिकल काउन्सिलबाट प्रमाणपत्र पाउन नसक्दा थप अध्ययन वा सरकारी सेवामा प्रवेश गर्न समस्या भएको भन्दै उनीहरूलाई यसबाट वञ्चित गरिन नहुने उनीहरूको माग रहेको छ । हाल सो कलेजबाट नेपाललगायत भुटान, भारत, फिनल्याण्ड, कोस्टारिका, स्पेन र तिब्बतबाट आएका ३५ जना विद्यार्थीले साढे पाँच वर्षको कोर्स पूरा गरी एक वर्ष इन्टर्न कोर्ससमेत गरिसकेका छन् ।

आडरा नेपालद्वारा आइतबार यहाँ आयोजित छलफल कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. दीपेन्द्ररमण सिंहले परम्परागतरूपमा प्रचलनमा रहेको सोवा रिग्पा उपचार पद्दतिको संरक्षण र विस्तारका लागि यससम्बन्धी उच्च शिक्षामा अध्ययनलाई व्यवस्थित गर्न मन्त्रालय सकारात्मक रहेको बताए । मन्त्रालयका नीति योजना तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्णप्रसाद पौडेलले स्वास्थ्य नीतिमा सोवारिग्पाको व्यवस्था गरिएकाले सम्बन्धित स्वास्थ्य संस्थाहरूमा दरबन्दीको व्यवस्था गर्न आवश्यक नीतिगत सुधार गर्नुपर्नेमा जोड दिए ।

आयुर्वेद मेडिकल काउन्सिलका रजिस्ट्रार डा. निर्मल भुसालले भारतलगायत अन्य देशहरूमा सोवारिग्पालाई सरकारी मान्यता दिइएको सन्दर्भमा नेपालमा पनि यससम्बन्धी उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीलाई काउन्सिलमा दर्ता गराउन प्रक्रिया अगाडि बढाउन सकिने धारणा राखे । लुम्बिनी विश्वविद्यालयका पूर्वडिन उकेशराज भुजुले विश्वविद्यालयले विज्ञहरूको सुझावअनुसार तयार गरिएको सोवारिग्पाको पाठ्यक्रमलाई विषयगत समिति, प्राज्ञसभाबाट पारित गरी कार्यान्वयनमा ल्याइएकाले यसलाई सरकारी मान्यता दिनबाट रोक्न नहुने बताए ।

कार्यक्रममा आयुर्वेद तथा चिकित्सा विभागका महानिर्देशक डा. श्यामबाबु यादवले सोवारिग्पा विभागअर्न्तगत रहेकाले यसलाई मान्यता दिन सकिने बताए । आडरा नेपालका राष्ट्रिय प्रतिनिधि प्रविण ढकालले हिमाली क्षेत्रमा सोवारिग्पा उपचार पद्दतिको अभ्यास गरिरहेका आम्चीहरूबाट जनतालाई सुलभ ढंगबाट स्वास्थ्य सेवा पुऱ्याउनुको साथै सामुदायिक विकासमा पनि महत्त्वपूर्ण योगदान रहेको बताउँदै सबै उपचार पद्दतिहरूलाई राज्यले उत्तिकै प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

सोवा रिग्पा इन्टरनेसनल कलेजका निर्देशक डा. तेञ्जिङ धार्के गुरुङले सातौं शताब्दीबाट थालनी भएको सोवा रिग्पासम्बन्धी अभ्यासलाई भारत, चीन लगायत विश्विका थुप्रै देशहरूमा औपचारिकरूपमा पठनपाठन भइसकेको सन्दर्भमा नेपालमा पनि केही वर्षदेखि सुरु भएकामा ती विद्यार्थीहरूको मेडिकल काउन्सिलबाट दर्ता नहुँदा समस्या भएकाले यसतर्फ सम्बन्धित निकायहरूको ध्यान जान जरुरी भएको बताए । हाल मुस्ताङको ल्हो घेकर दामोदरकुण्ड र गोरखाको चुमनुब्री गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित गरी सोवारिग्पालाई आधिकारिक मान्यता दिएका छन् भने अन्य पालिकाहरूले पनि प्रक्रिया अगाडि बढाएको सो अवसरमा जानकारी दिइयो । *रासस*


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

*(दोस्रो पटक प्रकाशित मिति २०८१/०९/१५ गते)*

यस कार्यालयमा २०५८/०९/२६ मा दर्ता भएको प्रा.लि.नं.१७५९८ को **हेटौडा मल्टीप्रपोज कम्पनी प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०९ गतेको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) वमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो **सूचना** प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१५**

यस कम्पनीको मिति २०८१/०८/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन**/Suswsthya Global Nepal Foundation को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन**/Suswastha Global Nepal Foundation (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सुस्वस्थ्य ग्लोबल नेपाल फाउण्डेशन**/Suswastha Global Nepal Foundation (**प्रा.लि.नं.**३३६२९४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१५**

पथलैया सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको कार्यालय कम्पाउण्डमा घाटगद्दीमा विभिन्न २ वटा लट वनाई राखिएको साल गोलिया काठ १०४९.४१ घ. फि., शिरीष गोलिया काठ १२.३८ घ.फि.जे जस्तो अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचिकृत भएका उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री पथलैया सामुदायिक वन उपभोक्ता समूह,**
**जीतपुरसिमरा उ.म.न.पा. – १, पथलैया, वारा**

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०९/१५**

यस कम्पनीको मिति २०८१/०७/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यति हार्डवेयर प्रा.लि.**/Yeti Hardware Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **यति ट्रेड लिङ्क प्रा.लि.**/Yeti Trade Link Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०८/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **यति ट्रेड लिङ्क प्रा.लि.**/Yeti Trade Link Pvt. Ltd. (**प्रा.लि.नं.**३२७८५४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**हिमस्टार उर्जा कम्पनी लिमिटेडको**
**छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८१/०९/१५**

**यस हिमस्टार उर्जा कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८१/०९/०५ गते बसेको बैठकको निर्णयानुसार यस कम्पनीको छैठौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावको उपस्थितिको लागि यो सुचना प्रकाशित गरिएको छ ।**

**१. सभा हुने मिति,समय र स्थान :**

- **मिति : २०८१/०९/२९**
- **सभा हुने स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ७, गौरीघाट, काठमाण्डौ ।**
- **समय : विहान ११ बजे**

**छलफलका विषयहरु पहिलो पटक प्रकाशित सुचना मिति २०८१/०९/०८ गतेको प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ ।**

**प्रथम पटक प्रकाशित गरिएको सुचनामा वार्षिक साधारण सभा हुने मिति २०८१/०९/२९ हुनु पर्नेमा अन्यथा भएकोले मिति २०८१/०९/१० गतेको प्रभाव राष्ट्रिय दैनिकमा भुलसुधारको सुचना प्रकाशित गरिएको व्यहोरा पनि अवगत गराउँदछौं ।**

**(विस्तृत जानकारीको लागि २०८१/०९/०८ गतेको र २०८१/०९/१० गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिका हेर्नुहोला ।)**

### Invitation for Bids
## Aathabis Municipality
### Office Of The Municipal Executive
### Rakam Karnali, Dailekh

## Invitation for National Competitive Bidding for the Construction Work on the Following Project

Date of publication: 2081/09/14

1) Aathabis Municipality Office, Rakam Karnali invites National Competitive Bidding (NCB) from registered contractors for the construction of following works.
2) The Estimated amount for the works are as specified on the following Table.
3) Eligible Bidders may get further information on telephone: 089690475 or website: www.aathabismun.gov.np
4) Bidders shall have submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.
5) Bid shall be opened in the presence Or in the absence of Bidders representatives chosen by Bidders to attend at 14:00 hour on 2081/10/15 at the office of Aathabis Municipality, Rakam Karnali.
6) Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office Account No.06301400250030 and Account Name: Aathabis Municipality, office of Municipal Executive, Rakam karnali, Dailekh at Nepal investment bank Ltd., dababranch, Dailekh: and submit the receipt of the deposited amount of cash along with the bid document and Office Account no: 06301400250085. (for Bid document cost).
8) If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.
10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

1. Table:-

| S. No. | Contract ID. | Contract name | Bid Security Amount | Bid Document Cost | Estimated Amount (Including VAT and PS) |
|---|---|---|---|---|---|
| 1. | 04/NCB AM/RD/ 2081-082 | Construction of busakot Aadhikari mandir koseda hudai tilepata samma sadak nirman, 07-08 | Nrs 2,30,000.00 | Nrs 3,000.00 | NRs: 90,00,000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### ‘चमत्कारी’ बालेन

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साह साँच्चै नै चमत्कारी नै छन् । बहुदलीय प्रजातन्त्रको अभ्यासमा पनि काठमाडौं जस्तो राजनीतिको चरम भड्खालोमा स्वतन्त्ररूपमा निर्वाचित भइदिए । आफूलाई ठूलो दल भन्नेहरूको हैसियत देखाइदिन जनताले पनि युवा पुस्तालाई रोजे । जसको परिणाम बालेनको रजगज काठमाडौंमा अहिले चलिरहेको छ ।

मुलुकको प्रधानमन्त्री र एउटा स्थानीय तहको मेयर बालेनबीच टकराव हुन्छ सामाजिक सञ्जालमा । तिनै प्रधानमन्त्रीको दलबाट उपप्रमुखसहित धेरै वडाध्यक्षहरू बालेनको नेतृत्वका काम गरिरहेका छन् । तर ती सबैलाई निरीह बनाउन सफल भएका छन् बालेन । त्यसकारण पनि उनी चमत्कारी देखिएका हुन् । काठमाडौ महानगरपालिकाको मेयर बालेन (निर्दल) एकातिर र कांग्रेस–एमालेबाट निर्वाचित भएका जनप्रतिनिधि (बहुदलीय) अर्को तिर हुन्छन् भन्ने धेरैको अनुमानलाई बालेनले विफल नै बनाइदिएका छन् ।

चाहे त्यो कार्यपालिका बैठकमा होस् वा नगरसभा बैठकदेखि १६औं अधिवेशनसम्ममा पनि बालेनले दलबाट निर्वाचित भएका जनप्रतिनिधिहरूलाई निरीह जनप्रतिनिधिका रूपमा प्रमाणित नै गरिदिएका छन् । महानगरपालिकाको उपमेयरदेखि अन्य जनप्रतिनिधिहरूलाई बालेनले यसरी निरीह बनाइदिए कि बालेनले जे जस्तो प्रस्ताव राखे पनि मौनरूपमा सर्वसम्मत निर्णय हुने गरेको छ । त्यस्तो चमत्कारी काम गर्नका लागि मेयर बालेनको महत्त्वपूर्ण कडी भनेको उनले बैठकलाई सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रसारण गर्नु नै हो ।

हुन महानगरपालिकाले बैठकमा उठाएका विषयहरू आमनागरिकसमक्ष पारदर्शीरूपमा प्रस्तुत गर्नका लागि प्रत्यक्ष प्रसारण महत्त्वपूर्ण हुने भए पनि अन्य जनप्रतिनिधि भो, बाहिर चर्का कुरा गरे पनि नगरसभा वा कार्यपालिका बैठकमा भने टुलुटुलु हेरेर ताली ठोक्ने काममात्र गर्दै आइरहेको देखिन्छ । आइतबार काठमाडौं महानगरपालिकाले १६औं अधिवेशन करिब डेढ घण्टामा सकियो । विगतको अभ्यासलाई हेर्ने हो भने पनि अधिवेशनमा विभिन्न प्रस्तावहरू छलफलपश्चात् स्वीकृत हुने गर्दथ्यो । तर १६औं अधिवेशन भने ऐतिहासिक भएको देखिन्छ । नगरसभा सदस्यहरूले अधिवेशनमा संशोधनका लागि प्रस्तावित विषयहरूमा आफ्नो भनाइ राख्ने काम गरेपछि विनासंशोधन नै पास भएको जस्तो देखियो ।

मेयर बालेनले प्रस्ताव पेश गरे । बजेटको संशोधिन विषय उपमेयरले बढेर सुनाइन् । अधिवेशनको अध्यक्षसमेत रहेका बालेनले प्रस्ताव स्वीकृतिका लागि नियमानुसार हुन्छ, हुन्न र तटस्थ भनेर सोधे । हुन्छ, हुन्न। तटस्था कुनैमा पनि आवाज आएन । तर मेयर बालेन सम्पूर्ण प्रस्तावहरू भारी मतले हुन्छ भन्ने आएकाले प्रस्ताव स्वीकृत भएको घोषणा गरे । अनि सभा विसर्जन गरेर फुत्तै निस्किए । न नगरसभा सदस्यहरूले उठाएका प्रश्नको जवाफ मेयरले दिए, न जनप्रतिनिधिहरूले आफ्ना मेयरसँग दोहोरो सम्वाद नै गर्न पाए । २६ अर्ब रूपैयाँको बजेट भएको काठमाडौं महानगरपालिकाको संशोधित बजेट विनाछलफल नै बालेनले नगरसभाबाट पास गराइदिए जादूको छडीजस्तै । त्यसैले त बालेन चमत्कारी बालेनका रूपमा स्थापित बने ।

## मननयोग्य

### चाणक्य नीति

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- ‘मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे । नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- ‘म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु’ भनी चिठी आचार्यलाई दिए ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- ‘गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- ‘मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला’ भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

# इतिहास अध्ययनको शैली र प्रवृत्ति



■ यामबहादुर थापामगर

इतिहास हरेक मानवका लागि प्रेरणाको स्रोत हुन सक्दछ । संसारमा भएका विभिन्न प्रकारका वैज्ञानिक तवरले प्रमाणित संस्कृतिहरु चिन्ने र बुझ्ने हुँदा यसबाट दैनिक जीवनमा अवलम्बन गर्ने आधारहरु प्राप्त हुन्छ । इतिहास दोहोरिन्छ भन्ने मान्यताबमोजिम बुद्धिमानीपूर्वक अवसर र मौकालाई छनोट गर्न अनुमति दिई प्रगतिशील अग्रगामी निर्णय गर्न सहयोग गर्दछ । यसले विभिन्न कालखण्डमा भएका परिर्वतन बुझ्न सघाउँदै नवीन परिवेशको वातावरण अनुकूल हुनेगरी समायानुकल गराउँछ । विगतमा समाजभित्र भएका हत्या, आतंक, चोरी, डकैती, पाशविक घटनाहरुलाई तिलाञ्जलि दिंदै नैतिक जिम्मेवारी अभिवृद्धि गरी सभ्य समाज निर्माण गर्नमा सहयोग गर्दछ ।

मानव प्राणी जगत्मा पशुभन्दा अलग हो र पृथक हुन्छ । तर मानव विकासमा आधारभूत गास, बास र कपासका साथै आय, आर्थिक वृद्धि, आर्थिक विकासको साथै औसत आयुलाई जीवनशैली मापनअनुसार दीर्घजीवन हुनेगरी सापेक्षरूपमा बढाउन चाहेको हुन्छ । विकासको परिभाषा अहिले बहुआयामिक अर्थमा परिभाषित हुन थालेको छ । मानिस निरन्तर खोज अनुसन्धानमा लागिरहने प्राणी भएकाले खोजको क्षेत्र अनुकरणीय रहेको छ । सुख र आनन्द प्राप्तिको खोजीमा लागिरहने मानव कुनै खोज र विकास विनास तथा सर्वनाशको प्रवल जोखिममा विश्वलाई मानवले नै विकासका नाममा निर्माण गरेको अणुबम, एटमबमको तीव्र विकासले पृथ्वीलाई दर्जनौंपटक क्षति गर्नसक्ने प्रविधिको सञ्चित गरेर राखेको छ । सकारात्मक सोच र शैलीको विकासका लागि अभियान चलाउँदै गर्दासमेत स्वचालितरूपमा नकारात्मक सोच र शैलीको दबदबा मानव जीवनमा निरन्तर आइरहेको छ ।

मानव जातिमा घटेका घटनाहरूको वैज्ञानिक कथन नै इतिहास हो । मानव वर्तमानमा रहन्छ र उसले भविष्यका लागि योजना तर्जुमा गरी अँध्यारोबाट उज्यालोतिर लम्कन्नका लागि प्रत्यन रहनेगरी क्रियाशील रहन खोजेको मानवले जानेर वा नजानेर इतिहास निर्माण गरिरहेको हुन्छ । बोधगम्य र अबोध घटनाहरू शृंखलामा नरहेको भए पनि मानिसका लागि इतिहास रहेको हुन्छ । इतिहासले संसारमा भएका घटनाहरू जान्न सहयोग गर्दछ । इतिहास सामूहिक अनुभवहरूको स्रोत हो । कतिपयले इतिहास एक प्रकारको जितको परिणाम आउने प्रयोगशाला पनि भन्ने गर्दछन् । हारको परिघटनाहरूकोसमेत थोरै मात्रामा लेखन र अभिलेखीकरण तरिकाले व्यवस्थापन गरिएको हुन्छ । इतिहासले मानिसलाई समाजहरू बुझ्न गर्दछ ।

इतिहास हरेक मानवका लागि प्रेरणाको स्रोत हुन सक्दछ । संसारमा भएका विभिन्न प्रकारका वैज्ञानिक तवरले प्रमाणित संस्कृतिहरू चिन्ने र बुझ्ने हुँदा यसबाट दैनिक जीवनमा अवलम्बन गर्ने आधारहरू प्राप्त हुन्छ । इतिहास दोहोरिन्छ भन्ने मान्यताबमोजिम बुद्धिमानीपूर्वक अवसर र मौकालाई छनोट गर्न अनुमति दिई प्रगतिशील अग्रगामी निर्णय गर्न सहयोग गर्दछ । यसले विभिन्न कालखण्डमा भएका परिर्वतन बुझ्न सघाउँदै नवीन परिवेशको वातावरण अनुकूल हुनेगरी समायानुकल गराउँछ । विगतमा समाजभित्र भएका हत्या, आतंक, चोरी, डकैती, पाशविक घटनाहरूलाई तिलाञ्जलि दिँदै नैतिक जिम्मेवारी अभिवृद्धि गरी सभ्य समाज निर्माण गर्नमा सहयोग गर्दछ ।

शिक्षित समाजमा कि अशिक्षित समाजमा जीवनयापन गरेको छ भन्नेबारेमा निर्धारण र छनक प्रदान गरी असल र खराबको पहिचान बनाउन पनि इतिहासको अध्ययनबाट थाहा हुन्छ । मानिसको व्यक्तित्व विकासका लागि बहुआयामिक क्षेत्रमा पहुँच बढाउन लागि क्षमता विकास गर्ने आधारहरू प्रशस्त मात्रामा इतिहासले जगको रूपमा आधार प्रदान गर्दछ । इतिहास ज्ञान, विज्ञान, साहित्य, शिल्प र शास्त्रहरूको समग्र जग हो । इतिहासले कहिल्यै नदेखेको, नसुनेको, नछामेको र नछोएको कुराको बारेमा सोच्न सहज र सजिलो बनाई आत्मविश्वासका साथ विश्वबजारमा प्रतिस्पर्धा गर्न लायक क्षमता प्रदान गर्दछ । मानवमा कल्पनाशीलताको विकास र त्यसलाई सञ्चार गर्नसक्ने सीप तथा प्रविधिको विकासमा टेवा दिएको हुन्छ ।

शिक्षाविनाको मानव अहिले कल्पनासमेत गर्न सकिँदैन । ज्ञानविनाको मानिस पशुसरह हुन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभाव र प्रयोगले थोरै प्रयोगमा आउने भाषा, जातजातिलगायतका पहिचानको अस्तित्वमा दिन प्रतिदिन ह्रास आएको छ । स्वचालित प्रणालीको विकासले मानवलाई ई-बुक, ई-लाइब्रेरी, डिजिटल विकासले मानवमा विगतका अभ्यासलाई परिस्कार गर्नमा दबाब दिएको छ । कृत्रिम बौद्धिकताको विकास, च्याट जिपिटी, मेटाफर्सलगायतको तीव्र विकासले मानवमा असामाजिकतातर्फ उन्मुख भएको त होइन भन्ने आभास पनि हुने गरेको छ । ज्ञान लिनका लागि निरन्तररूपमा अरुभन्दा प्रतिस्पर्धामा अगाडि उभिनका लागि स्वचालितरूपमा लागेको पाउन सकिन्छ । मानव जाति आफूसँग भएको वस्तुमा सन्तोष मानेर वा थकाई मारेर बिल्कुल बस्न जानेको छैन । त्यसैले वैज्ञानिक अनुसन्धानका लागि मानिस अतृप्त ज्ञानका लागि अध्ययन गर्ने शैलीमा गुगल सर्चको हाबी हुँदै गएको पाउन सकिन्छ । शिक्षाको सिकाइ जीवनपर्यन्त रूपमा सिकिरहने वातारण निर्माण गरी सोहीबमोजिम आधुनिक र समयानुकूल शैली खोजी र अनुसन्धानमा लाग्नमा लागि महत्त्वपूर्ण रहेको छ ।

आमसञ्चारमा सूचना र प्रविधिको विकासले छप्पक छोपेको समयमा अध्ययनशैलीलाई सकारात्मक सोचले ओतप्रोत बनाई समाज परिवर्तनका लागि आधारस्तम्भका रूपमा अगाडि बढाउन जरुरी छ । सूचना प्रवाहको बाढीले अनावश्यक योजनाविहीन सूचना र  जानकारीले ग्रस्त हुँदा भविष्यमा काम लाग्नेभन्दा सूचनाको फोहोर निर्माण भई त्यसको खाडलमा युवा जमात पर्न गएको छ । नकारात्मक प्रभाव र दबाब पार्ने शैलीमा भाइरल प्रवृत्तिका कारण गुणात्मक र ज्ञानबर्द्धक शिक्षाप्रद क्षेत्र ओझेलमा परेको हो कि भनेर समयसमयमा छलफल र अन्तरक्रियाहरू पनि हुने गरेको छ । यसलाई विद्वत वर्गमा मात्र छलफल सीमित नराखी बस्तीबस्ती र जनजनको मष्तिकमा आभास दिलाउन जरुरी छ ।

संसारसहित ब्रह्माण्डको छिटो र सरल तरिकाले जानकारी लिन मानिसलाई छिटो अवसर प्राप्त भएको छ । विश्वको बारेमा अध्ययन गर्न मानिसका लागि सानो हुन गएको छ । हिजोका दिनमा पाठशाला, कचहरी, धर्मशाला, विद्यालय, विश्वविद्यालयमा हुने शिक्षणका विधिमासमेत आजभोलि समाज कृत्रिम बौद्धिकताको प्रभाव र मेटाफर्स विधिको उपयोग गर्नमा खोज अनुसन्धान र विकास विस्तारमा अहोरात्र लागेको छ । शिलालेख, मूर्ति निर्माण, पर्चा, पोस्टर, भित्तेपात्रो, आमसभा, हडताल, जुलुस, व्यानर, भित्तेलेखन, घुमन्ते गायकका माध्यमबाट समाजमा सूचना आदानप्रदान हुने गर्दथ्यो तर आज सामाजिक सञ्जालविनाको प्रचारप्रसार र शिक्षाको प्रभावलाई सजिलो बनाई कम्प्युटर, ल्यापटप, मोबाइल, टचाब्लेटलगायतका सामग्रीबाट सहजरूपमा हासिल गर्न सकिन्छ । अहिले मानिसको रोजगारी खोस्ने र सिर्जनात्मक कार्यशैलीमा ह्रास हुनेगरी कृत्रिम बौद्धिकताको बढ्दो प्रयोगले सिकाइलाई सर्वसुलभ बनाए पनि मानिसको दैनिक व्यवहारमा हुनुपर्ने क्रियाशीलतामा न्यूनीकरण भई नसर्ने रोगहरूको प्रभावमा मानिसहरू पर्ने गरेको छ ।

स्मरण शक्तिमा अनावश्यक सूचनाले तनावमा परी मानिस डिप्रेसनको सिकार हुने गरेको छ । उच्च मनोकांक्षा बढेर जाँदा जीवनमा संघर्ष र कठोरताको सामना गर्नुपर्छ भन्ने ज्ञानको भौतिक रूपमा मानव समाजको विकास गर्नबाट विमुख भएकाले आत्महत्याको दुरुत्साहनको संख्या दैनिकरूपमा बढेको देखिन्छ । आत्महत्याको बढ्दो प्रवृत्तिलाई न्यूनीकरण गर्न सूचना प्रविधिको विकासको सकारात्मक पक्षलाई जनजनमा अनुभूत गराउने अभियानको खाँचो छ । सूचना शक्तिको हो । सूचनाबिना विश्वको ज्ञान, अध्ययन गर्ने अर्को माध्यम छैन । तर साइबर अपराधको बढ्दो विकासले स्वच्छ वातावरणयुक्त मष्तिकलाई तनावतर्फ दोहोऱ्याउने विकृत सामग्रीहरू प्रविधिका माध्यमबाट सर्वसुलभ हातहातमा उपलब्ध भएको छ । यसले भोलिका कर्णधार बालबालिकादेखि र ऊर्जावान युवाका लागि विष पिएसरहको नोक्सानी गरेको छ । तसर्थ ज्ञानहरूलाई वैज्ञानिक तरिकाले संग्रह गरी भावी पुस्तालाई कुलत, कुरीति, कुचलन, कुसंस्कारबाट विमुख गराई समुन्नत र समृद्धितर्फ निरन्तर डोऱ्याउनुपर्ने अवस्था आएको छ ।

संसार सूचना र प्रविधिको विकासले ज्ञानमा आधारित समाज विश्वव्यापीकरण बनेको छ । सूचना प्रविधिमैत्री वातारण निर्माण गरी सहज र संग्रह गरी भावी पुस्ताका लागि सुमार्गमा डोऱ्याउनेतर्फ प्रयास हुनुपर्दछ । समाज विज्ञानका हरेक पक्षका सामग्रीहरू जस्तै वातावरण, राजनीतिक, सामाजिक, भूगोल, गणित, विज्ञान, इतिहास, अर्थशास्त्र, व्यवस्थापन, साहित्य, भाषा, पत्रकारिता, कला, स्वास्थ्यलगायत पूर्वाधार विकासका लागि फराकिलो सोचका साथ गाउँ समाजमा नै बस्ने आधार निर्माण गर्न बहस र पैरवी चलाउन आवश्यक छ । हरेक मानिसले जीवनपर्यन्त सिकाइको शैली अनुशरण गर्ने संस्कार सूक्ष्मरूपमा भए पनि सुरुआत गर्न जरुरी छ । *रासस*

# ऐतिहासिक दस्तावेज ‘लिम्बूवानका अभिलेख संग्रह’

▶▶ कुम्भराज राई

वि.सं. १७३३ को कुनै याममा तत्कालीन् मकवानपुरका राजा हरिहर (हरिश्चन्द्र) सेन सम्भवतः सप्तरी, महोत्तरी वा सो क्षेत्रमा पर्ने जगतपुर भन्ने ठाउँमा पुगेका थिए । उनले त्यही टुरमुकामबाट चैनपुरका श्रवाजा, फेश्राप, नपुरान्जालाई पाँच मौजा पांमा, मांगमा, तेवें, वोश्रनिमा र तापंनागोलाई स्याहामोहर जारी गरेका थिए ।

स्याहामोहरमा मानिसले प्राप्त गरेको जग्गा उपभोग गर्दै राज्यको सेवा गर्नु भनिएको थियो । उक्त स्याहामोहर वनेम फागोसँग पाइयो । स्याहामोहरमा उल्लिखित व्यक्तिहरू वनेम फागो नै भएका र निजहरू सेनकालीन दरबारमा मन्त्री, काजी वा जागिरे रहेको पुष्टि हुन्छ ।

सेन राजाले लिम्बू, खम्बू, याक्खा, आठपहरिया र याम्फूलाई राय, राये, राई भनी स्याहामोहर प्रदान गरेका थिए । हरिहरसेनको राज्यकाल वि.सं. १७१३ देखि १७३८ सम्म मानिन्छ । उनले भारतको गोण्डावारसम्म राज्यविस्तार गरी आफूलाई हिन्दूपति राजा घोषणा गरेका थिए । ३४८ वर्ष पुरानो यो स्याहामोहर भगिराज इङ्नामद्वारा संकलित तथा प्रकाशित पुस्तक ‘लिम्बूवानका अभिलेख संग्रह’ पुस्तकको पहिलो दस्तावेजका रूपमा राखिएको छ । इतिहास अन्वेषक रमेश ढुंगेलमार्फत यो दस्तावेज लिइएको संकलक भगिराज इङ्नामले उल्लेख गरेका छन् ।


इतिहासकार इङ्नाम नेपाली इतिहास लेखनका लागि कुनै नयाँ नाम होइन । उनको पहिलो पुस्तक ‘लिम्बूवानको ऐतिहासिक दस्तावेज संग्रह’ले वि.सं. २०७८ मा मदन पुरस्कार प्राप्त गरिसकेको छ । सोही पुस्तकको अर्को अंश वा भागका रूपमा हालै ‘लिम्बूवानका अभिलेख संग्रह’ प्रकाशित भएको हो । माथि उल्लिखित स्याहामोहरको प्रसंग केवल यो पुस्तकमा संग्रहित तथा संकलित एक दस्तावेज उदाहरणका रूपमा मात्र प्रस्तुत गरिएको हो । यस पुस्तकमा वि.सं. १७३३ देखि २०२५ सम्मका महत्त्वपूर्ण ३८५ वटा दस्तावेज सरल र बुझिनेगरी अनुवादसहित प्रस्तुत गरिएका छन् ।

तत्कालीन् शासकले जारी गरेका भोजपत्र, स्याहामोहर, लालमोहर, कस्यरुक्का, कस्यपत्र, कस्यपत्रम् र लिखित अभिलेख यस पुस्तकमा संग्रहित छन् । त्यतिमात्र नभई शिलालेख, धनकुटा मार्गाथानको घण्टीको लेख र तिब्बती लिपिको पाँचवटा दस्तावेज यहाँ प्रस्तुत गरिएको छ । लेखकले यो पुस्तक अघिल्लो पुस्तकमा छुटेका दस्तावेजको पूरक एवं निरन्तरता हो भनेका छन् । अघिल्लो पुस्तक ‘लिम्बूवानको ऐतिहासिक दस्तावेज संग्रह’ जति रोचक र महत्त्वपूर्ण पुस्तकका रूपमा प्रकाशित भएको थियो, ‘लिम्बूवानका अभिलेख संग्रह’ पनि उत्तिकै महत्त्वपूर्ण मानिएको लेखक इङ्नामले बताए ।

अघिल्लो र यी दुवै पुस्तकमा समावेश अभिलेख अध्ययन गर्दा इतिहासमा रुचि हुने पाठकले एक अभिलेख पढ्न नभ्याउँदै अर्को पल्टाउन मन लाग्ने किसिमका रहेका उनको भनाइ छ । विषयसूची हेरेर पुस्तक अध्ययन गर्ने हो भने पनि ८५० भन्दा बढी पृष्ठको यस पुस्तकका कम्तीमा ५० देखि १०० वटा अभिलेखमा पाठकको ध्यान तानिन्छ । विषयसूचीमा आकर्षक किसिमका शीर्षक राखिएका छन् । ‘छोराले खाएको ऋण बाबुले तिर्नु नपर्ने’, ‘राईबाट फुटी नयाँ राई भएको’, ‘कन्ने केटीलाई करणी गरे दण्ड नलाग्ने’, ‘करणी मुद्दामा सात सुब्बाको फैसला’ लगायत हुन् ।

पुस्तकमा समावेश दस्तावेजमा पृथ्वीनारायण शाह र प्रतापसिंह शाहबाट अभिमानसिंहलाई प्रदान गरिएको लालमोहरमा विजयपुर सेन राज्यका देवान बुद्धिकर्णलाई ‘राई’ भनिएको तर वि.सं. १८२४ र १८२९ मा बुद्धिकणले जारी गरेको स्याहामोहरमा बुद्धिकर्ण ‘राय’ भन्ने उल्लेख गरिएको रोचक विषय समावेश छन् । पृथ्वीनारायण शाहले वि.सं. १८३१ मा पुनी रायलिम्बूलाई प्रदान गरेको, लालमोहरमा सिरिंग्या लिम्बूसहित दरबारमा मिल्न आए सिरपाउ (पुरस्कार) दिने भनी प्रलोभन देखाएको प्रसंगले त्यस समयमा सिरिंग्या लिम्बू गोरखाली सेनाविरुद्ध रहेछन् भनेर अनुमान गर्न सकिन्छ ।

यी र यस्ता सयौं रोचक तथ्यले भरिएको छ, ‘लिम्बूवानका अभिलेख संग्रह’ पुस्तक । संकलक तथा लेखकको मिहेनत कति छ भनेर सामान्य पाठकले अनुमान नै गर्न सक्दैन । यत्तिको दस्तावेज संकलन




गर्नका लागि कति समय र मिहेनत गर्नुपऱ्यो होला भनेर लेखकले सरसर्ती पुस्तकमा उल्लेख गरेका छन्, तर पाठकले पुस्तक अध्ययन गरेपछि लेखकले उल्लेख गरेको भन्दा बढी मिहेनत यस पुस्तकमा भएको बताउन सकिन्छ । पुस्तकमा उल्लिखित दस्तावेजहरूले तत्कालीन समग्रमा पल्लोकिराँत अर्थात् लिम्बूवानको इतिहासलाई जस्ताको तस्तै प्रस्तुत गरेको छ ।

तत्कालीन ओल्लो किराँत, माझ किराँत र पल्लो किराँतका धेरै इतिहास मिथक अर्थात् मौखिकरूपमा मात्र सुनिँदै आएकामा यस पुस्तकका लेखक तथा संकलक इङ्नामले त्यसलाई तथ्यसहित दस्तावेजीकरण गरेका छन् । जुन कार्य इतिहासमा एक सर्वकालिक महत्त्वपूर्ण काम हो भन्दा अत्युक्ति हुँदैन । पुस्तकले विभिन्न बहसका लागि पनि सहज पारिदिएको छ । राई, लिम्बू, सुब्बाजस्ता थर वास्तवमा थर हुन् कि पदवी ? राई, राइ हो कि राय ? यस्ता अनेकन् तथ्य यहाँ संग्रहित दस्तावेजमा उल्लेख छन् । जसलाई एउटा आधार मानेर थप तथ्य पत्ता लगाएर सदियौंदेखिका विवादलाई समाधान गर्न सहज बनाइदिएको छ ।

दस्तावेजले तत्कालीन् इतिहासमात्र देखाउँदैन, त्यतिखेरको पल्लोकिराँतको आर्थिक, सामाजिक, साँस्कृतिक अवस्थालाई उजिल्याउने काम गरेको छ । चेतनास्तर, ससाना थुम्का र गढीहरूमा रहेर शासन गर्ने प्रणाली, संघीय राजधानीमा रहने शासकसँगको सम्बन्धलगायत विषयका बारेमा जानकारी दिन्छ ।

वि.सं. १८३१ पछि राई र लिम्बूलाई तत्कालीन् शासकले फुटाएर ‘फुटी सुब्बा’ वा ‘फुटी राई’ बनाएको प्रसंग लेखकले आफ्नो लेखकीयमा उल्लेख गरेका छन् । जसका कारण धेरै लिम्बू फुटी सुब्बा हुँदा जग्गाविहीन बनेको उनले निष्कर्षको रूपमा लेखेका छन् । कतिपय किपटभूमि खोस्ने काम त्यतिबेलै भएको उनको ठहर छ । मुन्धुम एकेडेमीले प्रकाशन गरेको यस पुस्तकको सहप्रकाशनमा ताप्लेजुङ र मोरङका एक/एक गाउँपालिका तथा तेह्रथुमका दुई नगरपालिका र चार गाउँपालिकाले सहयोग गरेका छन् । स्थानीय सरकारले इतिहास लेखनमा सहप्रकाशकको रूपमा सहयोग गरेको काम अन्य स्थानीय तहका लागि पनि अनुकरणीय छ ।

डा. त्रिरत्न मानन्धर र जगदीश रेग्मीको हस्तलिखित भूमिका पुस्तकको सुरुमा राखिएको छ । तेह्रथुमस्थित लालीगुराँस नगरपालिकाका प्रमुख तथा इतिहासका अध्येता अर्जुनबाबु माबुहाङले लेखक भगिराज इङ्नाम र लिम्बूवानको इतिहास लेखनबारे स्पष्ट पारेका छन् । दस्तावेजका स्रोत व्यक्तिहरूको नाम र दस्तावेज अनुवादकको नाम राखेर लेखकलाई सबैलाई सम्मान गरेका छन् ।

निजामती सेवाबाट निवृत्त लेखक पूर्वप्रशासकसमेत हुन् । यस पुस्तकको मूल्य दुई हजार रूपैयाँ कतिपयका लागि महँगो लागे पनि यहाँ समावेश भएका दस्तावेजको अध्ययनपश्चात् उक्त मूल्य थोरै महसुस हुन सक्छ । तसर्थ क्षेत्रीय रूपमा कमैमात्र लेखिएको राजधानी काठमाडौं पूर्व र त्यसमा पनि ओल्लोकिराँत अर्थात् लिम्बूवानबारे इतिहास बुझ्नका लागि सबैभन्दा पठनीय संग्रहको रूपमा यो पुस्तक किन्नु उपयुक्त हुन्छ । त्यसका लागि सम्भव भएमा लेखकका अघिल्लो पुस्तक पनि किन्न सकेमा पाठकका लागि सुनमा सुगन्ध हुने प्रकाशकको भनाइ छ । *रासस*



**देवताका खट**
भक्तपुरको मध्यपुर थिमि नगरपालिकाद्वारा आयोजित तीनदिने मध्यपुर महोत्सवका अवसरमा लायकू दरबारमा प्रदर्शनी परिसरमा राखिएका बिस्का जात्रामा जात्रा गरिने विभिन्न देवताका खटहरू । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# चिसोले फोहोरमैला व्यवस्थापन गर्न कठिन

**मनाङ (प्रस)**– हिमाली जिल्ला मनाङमा अत्यधिक चिसो बढ्दै गएको छ । चिसोका कारण यहाँको फोहोरमैला व्यवस्थापन गर्न कठिन भएको छ ।

सदरमुकामस्थित चामे गाउँपालिकाले अत्यधिक चिसोका कारण दैनिकरूपमा उठाउँदै आएको फोहोरमैला उठाउन नसक्ने जनाएको छ । अत्यधिक चिसो र हिमपात हुँदा जाडो छल्न जिल्लामा स्थानीय नबस्ने हुँदा फोहोर संकलन नगरिने सूचना जारी गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नमनारायण मल्लले जानकारी दिए । उनका अनुसार चिसोका कारण यहाँका स्थानीय जाडो छल्न बेँसी झर्ने क्रम बढेसँगै फोहोरमैला कम निस्कने भएकाले संकलन रोकिएको हो ।

'अर्को सूचना जारी नहुँदासम्म फोहोरमैला उठाउने कार्य स्थगन गरिएको छ,' उनले भने, 'साथै सो अवधिमा घरबाट निस्किएका फोहोरमैला खोला, सडक र सार्वजनिक स्थानमा जथाभावी नफाली उचित व्यवस्थापन गर्न अनुरोध गरिएको छ ।'

अत्यधिक चिसो भएपछि माथिल्लो भेगका प्रहरी चौकी र बैंकले सदरमुकाम केन्द्रित भई सेवा प्रवाह गर्दै आएका प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यले बताए । उनका अनुसार नार्पाभूमिको दुईवटा प्रहरी चौकी र बैंक सेवा प्रवाहका लागि सदरमुकाम सारिएको छ भने माथिल्लो मनाङ गाउँको प्रहरी चौकी मनाङ डिस्याङ गाउँपालिका-४ हुम्डेमा सारेर सेवा प्रवाह भइरहेको छ ।

चिसोका कारण माथिल्लो भेगका अधिकांश स्थानीय जिल्लाबाहिर गइसकेका छन् भने तल्लो भेगका चामेलगायतका स्थानीय बाहिर जाने क्रममा रहेका प्रजिअ आचार्यले बताए । यसरी स्थानीय बाहिरिएको अवस्थामा फोहोरमैला कम निस्कने भएकाले संकलन र व्यवस्थापनका काम रोकिएको उनले बताए ।

स्थानीय बेँसी झरे पनि सुरक्षा निकाय, स्वास्थ्य तथा विषयगत कार्यालयका कर्मचारीले सेवा प्रवाह गर्दै आएका सहायक प्रमुख जिल्ला अधिकारी युवराज अर्यालले जानकारी दिए । उनले भने, 'स्थानीयको यहाँ बसोबास नभएको बेलामा सुरक्षा दिने हाम्रो जिम्मेवारी हो । त्यसैले यस अवधिमा अपनाउनुपर्ने सुरक्षाका लागि नै खटिएका छौं ।'

अत्यधिक चिसोका कारण खोला, नदी तथा धारामा पानी जमेको छ । चिसोले पिउने पानीकै समस्या छ । प्रमुख जिल्ला अधिकारी आचार्यका अनुसार अधिकांश स्थानीय बेँसी झरिसकेका पनि यहाँ रहेका स्थानीयलाई सुरक्षित रहन अनुरोध गरिएको छ । जिल्ला अस्पतालका प्रमुख डा. दिवाकर कोइरालाले जाडोयाममा स्थानीयलाई सेवा प्रवाहमा सहज बनाउने प्रयासमा जुटिरहेको बताए । स्थानीयवासी मंसिरदेखि फागुनसम्म अन्यत्र बसाइँ सर्ने गरेका छन् । यस अवधिमा चिसोका कारण यहाँ विकास निर्माणको काम ठप्प रहन्छ ।

बाँकेका वन्यजन्तु पीडितको माग

# राहत प्रक्रिया सजिलो बनाऊ



■ रूपनी जिएम

**जानकी (बाँके)**– 'मेरो खोरमा बाँधेको खसी बाघले खाएको महिनौं बितिसकेको छ, अहिलेसम्म राहत पाएकी छैन,' राप्तीसोनारी गाउँपालिका-२ टिकुलीपुरकी सीमा केसीले भनिन्, 'बाख्रापालनबाट गरेको आम्दानीले घर खर्च चलाउँदै आएकी छु ।'

वन्यजन्तुले वस्तुभाउ मारेपछि सरकारबाट राहत पाइन्छ भन्ने थाहा पाएकी केसीले सोहीअनुरूप कागजात जम्मा गरेर बुझाउँदा पनि समयमा आफूले राहत नपाएको गुनासो गरिन् । राहत पाउने प्रक्रिया सहज बनाउनुपर्ने उनको माग छ । केसीले प्रक्रिया लामो र झन्झटिलो भएकामा दुखेसो पोखिन् ।

'मैले सबै कागजात बुझाएकै छु, राहत पाउँछु भन्ने आशा छ । तर समय धेरै लाग्ने रहेछ । कागजात बुझाएको हप्ता-दश दिन लाग्ने व्यवस्था गरिदिए सजिलो हुने थियो,' केसीले भनिन् ।

केसीजस्तै अर्का स्थानीय सीताराम जैसीले पनि बँदेल र बाघले मात्र नभई सुगाले पनि बाली खाएर नोक्सानी बेहोर्नुपरेको गुनासो गरे । 'मकैले दुधे दाना फलाउन पाएकै हुँदैन, सुगाका बथान आएर बारीभरिको मकै सखाप पारिदिन्छ,' जैसीले भने, 'फल लाग्ला र खाउँला भन्ने आशामा बाली लगाउँछौं । सुगाले सखाप पार्ने गरेको छ ।' जैसीले वन्यजन्तुसँगै पन्छीले पनि अन्नबाली स्याहार्न नदिएकाले खेतीबाली लगाउन जाँगर नै नलागेको बताए ।

सीमा र सीतारामजस्तै सोही ठाउँका पदमी पुनले ऐलानी जग्गा भएका कारण राहत पाउन नसकेको बताए । 'वन्यजन्तुबाट पीडित भएर राहत पाउनलाई खेतबारी पनि नम्बरी हुनुपर्ने रहेछ । ऐलानी भएकाले मेरो जति नै नोक्सानी भए पनि राहत पाउने कुरामा म पीडित नै छु,' उनले भने, 'जग्गा ऐलानी, त्यसमाथि सुगाका बथानले मकै, तोरी र धानबाली सखाप पार्छ । राहत केही पाइँदैन । यसले मजस्ता गरिब किसानको जीवन झनै कठिन बनाएको छ ।'

राप्तीसोनारी-२ कचनापुरका विनोद मल्ल बाँदरको बथानले दिनदिनै घरभित्रका अन्न र पकाइएका खानेकुरा नष्ट गरिरहेका बताए । बाँदर धपाउन सधैं कोही न कोही घरमै बस्नुपर्ने बाध्यता भएको उनको भनाइ छ । 'पकाएको खानेकुरामात्र नभई बारीमा फलेका हरियो तरकारी पनि बाँदरले नष्ट गर्दा हामी हैरान भएका छौं । बाँदरले पुऱ्याउने नोक्सानीबाट जोगिन पनि एकजनाले घर कुरेर बस्नुपर्ने बाध्यता छ,' उनले भने ।

कचनापुरकै संगीताकुमारी थारूको पनि वन्यजन्तुका कारण भोग्नुपरेको पीडा उस्तै छ । 'पहिले घरमा कुखुरा पाल्थ्यौं, तर स्यालले खोरबाटै तानेर लैजान थालेपछि अहिले पाल्नै छाडेका छौं,' उनले भनिन्, 'घर कुरेर बस्ने हो भने स्कुल छुट्छ, स्कूल र अन्य कामका लागि बाहिर जाने हो भने घरखेतमा वन्यजन्तुको रजाइँ हुन्छ । वन्यजन्तुका कारण हामी पीडित छौं ?'

वन्यजन्तुकै कारण पीडित सोही ठाउँकी मनकामना थारूले राहत प्रक्रियाका लागि आवश्यक कागजात र कार्यालय धाउँदा समय र पैसा दुवै खर्चिलो हुने गरेको बताइन् । उनले भनिन्, 'कागजात जुटाउन र कार्यालय जान जति खर्च हुन्छ, राहतको रकमले त्यसलाई पनि धान्दैन । पीडित परिवारले राहतका लागि निवेदन दिनसमेत छाडेका छन् ।'

बाँकेको राप्तीसोनारी-२ स्थित वन तथा वातावरण संरक्षण समन्वय समितिका अध्यक्ष कृष्ण केसीले स्थानीयका समस्या समाधान गर्न आफूहरूको ध्यानाकर्षण भएको बताए । उनले राहत प्रक्रियाका क्रममा स्थानीयले भोगेका समस्या समाधान गर्न सम्बन्धित निकायमा समन्वयकारी भूमिका निभाउने प्रतिबद्धता व्यक्त गरे ।

वन्यजन्तुबाट पीडित टिकुलीपुर र कचनापुरका स्थानीयले राहत प्रक्रियामा अन्य कागजातसँगै स्थायी लेखा नम्बर माग्दा समयमा राहत पाउन नसेकाले प्रक्रिया सहज बनाउन माग गरेका छन् । घर र सामुदायिक वन अनि वनसँगै जोडिएको बाँके निकुञ्जकै कारण निकुञ्जका वन्यजन्तुले सहजरूपमा घरगोठमा बाँधिराखेका वस्तु मारेर खाइदिँदा त्यहाँका स्थानीय चिन्तित छन् । उनीहरू राहतसमेत समयमै नपाउँदा पीडित भएको बताउँछन् । *रासस*

# आर्थिक अभावले क्याम्पस सञ्चालनमा समस्या

**बागलुङ (प्रस)**– जिल्लाको ढोरपाटन नगरपालिका-१ खप्तरीबाङस्थित निसीभूजी जनता क्याम्पस सञ्चालनमा समस्या भएको छ । पश्चिम बागलुङको एकमात्र क्यापसका रूपमा रहेको निसीभूजी आर्थिक अभावका कारण सञ्चालनमा समस्या भएको हो ।

दूरदराजका विद्यार्थीलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले वि.सं. २०४८ मा स्थापना भएको क्याम्पसको आन्तारिक स्रोत कम हुनु, सरकारी निकायबाट सहयोग नहुनु, जनशक्ति व्यवस्थामा खर्च हुनुलगायत कारणले सञ्चालनमा समस्या भएको क्याम्पस प्रमुख कृष्णकान्त आचार्यले बताए । क्याम्पस सञ्चालनका लागि मासिक चार लाख रूपैयाँ खर्च हुने भन्दै आम्दानी न्यून हुँदा खर्च व्यवस्थापनमा समस्या भइरहेको उनको भनाइ छ । प्रमुख आचार्यले क्याम्पसको आम्दानी विद्यार्थीबाट उठाउने शुल्क मात्र रहेको बताउँदै अहिलेसम्म सरकारी निकायबाट कुनै पनि सहयोग प्राप्त नभएको उनले गुनासो गरे ।

अहिले क्याम्पसमा शिक्षा, समाजशास्त्र र व्यवस्थापन संकायमा गरी ११९ विद्यार्थी अध्ययनरत रहेका जनाउँदै प्रमुख आचार्यले विद्यार्थीबाट उठाउने शुल्कबाहेक आम्दानीको कुनै स्रोत नभएको उल्लेख गरे । हाल आंशिक शिक्षक २२ र पूर्णकालीन दुई जना गरी २४ जना प्राध्यापक कार्यरत रहेका छन् ।

शिक्षकलाई तलब दिन समस्या हुँदै आएको क्याम्पस प्रमुख आचार्यले बताए । क्याम्पसको मासिक मासिक खर्च चार लाख ५० हजार रूपैयाँ हुने गरेको भन्दै आम्दानी दुई लाख रूपैयाँ रहेको उनले जानकारी दिए । क्याम्पस प्रमुख आचार्यले भने, 'यहाँ पढ्न आउने विद्यार्थीको संख्या उल्लेख्य छ, तर सञ्चालन खर्च व्यवस्थापन गर्न र शिक्षकलाई तलब खुवाउन निकै गाह्रो भइरहेको छ । यस क्षेत्रको एक मात्र सामुदायिक क्याम्पस भएकाले समुदायसँग सहयोग लिएर अहिलेसम्म सञ्चालन गरिरहेका छौं ।'

क्याम्पस सञ्चालक समितिका सदस्य तारानाथ पौडेलले सरकारले दरबन्दी व्यवस्थापन गर्न सके केही मात्रामा समस्या समाधान हुने बताए । क्याम्पस सञ्चालन गन आवश्यक मापदण्डभन्दा बढी विद्यार्थी भए पनि प्राध्यापकको दरबन्दी कम रहेको उनले उल्लेख गरे । पूर्णकालीन सात जना दरबन्दीसहितको प्राध्यापक हुनुपर्ने जनाउँदै दुई जनामात्रै रहेको पौडेलले बताए ।

गण्डकी प्रदेशसभा सदस्य दोर्णकुमार कुँवर यसलाई आंगिक क्याम्पसका रूपमा विकास गर्नुपर्ने बताए । क्याम्पसको शैक्षिक गुणस्तर बढाउन र प्राविधिक शिक्षा सञ्चालन गरी भौतिक संरचना निर्माण गर्न प्रदेश र संघ सरकारको ध्यानाकर्षण गराइरहेको उनले जानकारी दिए । क्याम्पस न्यून वर्गका विद्यार्थीले मात्रै पढ्ने थलो बनेको भन्दै अब यहाँ सबैको आकर्षण बढ्ने खालको बनाउन जरुरी रहेको कुँवरले बताए ।

# झारपातले कुरूप बन्दै राराताल

**मुगु**– मुलुकको ठूलो र प्राकृतिक सौन्दर्यले भरिएको राराताल पछिल्लो समय झारपातले कुरूप बन्दै गएको छ । तालको किनारमा बढ्दै गएको झारपातले पर्यावरणीय सन्तुलनमा असर पुऱ्याउनुका साथै तालको प्राकृतिक सुन्दरतामा पनि ह्रास आएको हो ।

तालको पानी र किनार दुवै क्षेत्रमा झारपात तीव्र रूपमा फैलिएको छ । यसले तालको जैविक विविधतामा असर पुऱ्याउनका साथै तालको आकर्षण घटाएको छायाँनाथ रारा नगरपालिका-९ मुर्माका स्थानीय शिक्षक नन्दसिंह रोकायाले बताए । 'रारातालको मुख्य आकर्षण यसको निलो पानी र सफा वातावरण हो, पछिल्लो समय बढ्दै गएको झारपातले सुन्दरता हराउँदै गएकाले समयमा सफाइ गर्नुपर्छ,' उनले भने ।

रोकायाले आफू सानै हुँदा ताल धेरै सफा देखिने गर्दथ्यो भन्दै आजभोलि अत्यधिक उर्मिएको झारपात र सरसफाइ नहुँदा ताल विरूप देखिन थालेको बताए । 'जताततै खुला सफा देखिने ताल आजभोलि दुर्गन्धित र विरूप देखिन थालेको छ,' उनले भने ।

रारा राष्ट्रिय निकुञ्ज कार्यालयले झारपात नियन्त्रण गर्न केही पहल गरिरहेको भए पनि पर्याप्त साधन र स्रोतको अभावले समस्या भइरहेको जनाएको छ । निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत महेश न्यौपानेले रारातालको पश्चिमतर्फ, निजारलगायत केही स्थानमा भएको झारपात सफा गरी माताललाई सुन्दर रूप दिने योजना बनाइएको भन्दै तत्काल उक्त योजना कार्यान्वयन हुने जानकारी दिए ।

रारा ताललाई दीर्घकालीनरूपमा संरक्षित गर्न योजनाबद्ध रूपमा झारपात नियन्त्रण, सरसफाइ अभियान र जैविक विविधताको संरक्षण गर्नुपर्ने विज्ञहरूको सुझाव छ । *रासस*


युएइ/कुवेतमा रोजगार — कम्पनी : POWER RECRUITMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/१४ | LT. No. 316070 | चलानी नं. ६०२३०४९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 100 | 0 | 800 | २९,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Naif Food Co.
पूर्व स्वीकृति मिति : २०८१/०९/१४ | LT. No. 316262 | चलानी नं. ६०२३०५४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 75 | 0 | 90 | ४०,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



युएईमा रोजगार — कम्पनी : AL MUMTAZ CONTRACTING COMPANY LLC
पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316199 | चलानी नं. ६०२३०५३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 20 | 0 | 1000 | ३७,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason For Plaster ./ Block) | 20 | 0 | 1200 | ४४,७७० | | | | | | | |
| 3 | Wall Painter | 10 | 0 | 1200 | ४४,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



साउदीमा रोजगार — कम्पनी : BROGAN SAUDI COMPANY LTD
पूर्व स्वीकृति मिति : २०८१/०९/१४ | LT. No. 316269 | चलानी नं. ६०२३०५२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 19 | 0 | 1200 | ४३,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD
KMC-26, Samakhusi, Kathmandu, Nepal, Tel: 01-5919792, Mobile: +9779856006311,
WhatsApp: +977-9856006311, E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com
श्रम इजाजत नं. १६३७/०८०/८१



साउदीमा रोजगार — कम्पनी : COMPANY SHTAIER SAFIYYAH FOR RESTAURANTS
पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 315957 | चलानी नं.६०२३०४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea & Coffee Maker | 4 | 0 | 1200 | ४३,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Restaurant Ahmad Zakariyya Al Qureish for Meals
पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | LT. No. 315958 | चलानी नं. ६०२३०४८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK (N) | 1 | 0 | 1400 | ५१,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४



साउदीमा रोजगार — कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company
पूर्व स्वीकृति मिति : २०८१/०९/२७ | LT. No. 316134 | चलानी नं. ६०२३०४८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 35 | 0 | 1800 | ६५,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ahlam Al-Bunduq Sweets Establishment
पूर्व स्वीकृति मिति : २०८१/०९/२७ | LT. No. 316265 | चलानी नं. ६०२३०४८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Sweet Maker | 1 | 0 | 1500 | ५४,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०



साउदीमा रोजगार — कम्पनी : Crestwood wood works CO.
पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316152 | चलानी नं. ६०२३०४८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter Furniture/gypsum | 1 | 0 | 1200 | ४३,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २२ गते (6th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । ... ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम इजाजत नं. ४३५/०६०/०६१

प्रभाव दैनिक



## पश्चिमेली लोकभाकामा 'छोड सताउन'

पश्चिमेली भाकामा नयाँ गीत 'छोड सताउन'को भिडियो सार्वजनिक भएको छ । हालै सार्वजनिक भिडियोको गीतमा गायिका सरिता भारती र गायक ओम सुनारको स्वर रहेको छ । भिडियो ओएसआर डिजिटलबाट सार्वजनिक गरिएको हो । गीतको संगीत र संगीत संयोजन सुनारले गरेका हुन् । म्युजिक किचनमा राजेन्द्र बजगाईले रेकर्ड गरेको यो गीतलाई मनोज परियारले मिक्सिङ तथा मास्टरिङ गरेका छन् । गीत गीतकार डब्बु क्षत्रीले लेखेका हुन् ।

सोमबार, १५ पुस २०८१ (Monday, December 30, 2024)

# अमेरिकामा सांगीतिक कार्यक्रमको तयारी

■ प्रभाव संवाददाता

**काठमाडौं–** संयुक्त राज्य अमेरिकाको विभिन्न सहरमा नेपाली कला र संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले सांगीतिक तथा हास्य व्यंग्यात्मक कार्यक्रम हुने भएको छ । 'अब नाच्छ अमेरिका २', 'अब हाँस्छ अमेरिका २' र 'अब सुन्छ अमेरिका' शीर्षकमा तीन भिन्न कार्यक्रम आयोजना गरिने आयोजक 'फ्लाइ नेपा'का अध्यक्ष विनोद अधिकारीले जानकारी दिए ।

उनले भने, 'हामीले मनोरञ्जनको पूर्ण खुराक तयार गरेका छौं । यसमा हाँस्ने, नाच्ने र सुन्ने तीनै विधालाई समेटेका छौं । हामी यसलाई अझै सभ्य र भव्य रूपमा गर्ने तयारीमा छौं । अमेरिकाका विभिन्न सहरमा आगामी फेब्रुअरी र अप्रिलमा कार्यक्रम प्रस्तुत गरिने छ ।'

अध्यक्ष अधिकारीले 'अब नाच्छ अमेरिका २' अन्तर्गत गायक बद्री पंगेनी र प्रताप दास, गायिका कला लम्साल र एलिना चौहान, 'अब सुन्छ अमेरिका' अन्तर्गत कवि प्रदीप रोदन र साइग्रेस पोखरेल तथा 'अब हाँस्छ अमेरिका २' मा मिस पवि, पवन खतिवडा, सुजीता श्रेष्ठलगायतको प्रस्तुति रहने जानकारी दिए ।

गायक प्रताप दासले आफूलगायत सम्पूर्ण कलाकारले प्रस्तुतिको तयारी गरिरहेको बताए । उनले भने, 'हामीले अमेरिकाको परिवेश सुहाउँदो प्रस्तुति दिने तयारी गरिरहेका छौं । यसपटक हामीसँगै दर्शकलाई नचाउने तयारी गरिरहेका छौं । यो सांगीतिक यात्रा रमाइलो र स्मरणीय हुनेमा विश्वस्त छौं ।'

आयोजकका अनुसार अमेरिकाको न्युयोर्क, वासिङ्टन डिसी, ओहायो, कोलोराडो, बोस्टन, पेन्सेल्भेनिया, सिकागो, क्यालिफोर्नियालगायत सहरमा कार्यक्रम हुने छ । यस अगाडि फ्लाइ नेपाले 'अब नाच्छ अमेरिका' र 'अब हाँस्छ अमेरिका' कार्यक्रम सम्पन्न गरिसकेको छ ।



रंगशाला

# अन्तर्राष्ट्रिय खुला कराते च्याम्पियनसिपको उपाधि नेपाललाई

**पुणे, भारत (प्रस)–** भारतको महाराष्ट्र राज्यको पुणे सहरमा आयोजित अन्तर्राष्ट्रिय खुला कराते च्याम्पियनसिपको उपाधि नेपालले जितेको छ । पुणेस्थित खेलकुद विभाग केन्द्रमा सम्पन्न प्रतियोगितामा नेपालले विभिन्न उमेर र तौल समूहमा गरी १७ स्वर्ण पदक जितेर उपाधि हासिल गरेको हो । नेपालका तर्फबाट विभिन्न उमेर र तौल समूहमा प्रतिस्पर्धा गरेका खेलाडीले पाँच रजत र दुई कास्य पदकसमेत प्राप्त गरेका छन् ।




